प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा ।**

सानोठिमी, भक्तपुर**को**

छोटो अवधिका तालीम कार्यक्रम सम्बन्धन/स्विकृति सम्बन्धी सूचना ।

प्रकाशित मितिः २०८२/०६/३१

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्बन्धन/स्वीकृती लिई छोटो अवधिका तालीम कार्यक्रम संचालन गर्न इच्छुक संघ/संस्थाहरुले परिषद् प्रदेश कार्यालयमा प्रस्तावना पेश गरी प्रदेश कार्यालयहरुबाट सम्बन्धित विषय बिज्ञबाट पूर्वाधार निरीक्षण गरी सम्बन्धन/स्वीकृतिको लागि परिषद् कार्यालयमा सिफारिस साथ पेश भएका प्रस्तावनाहरु उपर प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२।०६।२६ गते बसेको २१३ औं, बैठकको निर्णय नं. ११९२ 'क' अनुसार सम्बन्धन/स्वीकृती दिने निर्णय भएकोले संलग्न सुचि अनुसारका संस्थाहरुले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ (संशोधन सहित) को परिच्छेद ५ नियम २० अनुसार धरौटी शुल्क वापत रू.२५,०००/- राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखा स्थित परिषद् कार्यालयको नाममा रहेको धरौटी खाता नं. १७३०१००००००००३००६ मा जम्मा गर्नु हुन जानकारीको लागि अनुरोध छ। यस अगावै सम्बन्धन लिई नियमानुसार धरौटी शुल्क जम्मा भै सकेको अवस्थामा सोही धरौटी शुल्क जम्मा गरेको रसिदको प्रतिलिपि सहित, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, आर्थिक प्रशासन सम्बन्धी विनियमावली २०६२ (संशोधन सहित) विनियम १३६ उप विनियम (१) को अनुसूची २१ बमोजिम तोकिएको सम्बन्धन शुल्क रू. ५,०००/- र प्रति थप कार्यक्रम रू. २,०००/- को दरले राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखा स्थित परिषद् कार्यालयको नाममा रहेको चल्ती हिसाब नं. १७३०१०००००००९००६ मा जम्मा गरी सम्बन्धन/ स्वीकृति भएका तालीम प्रदायक संस्थाको लेटर प्याडमा नियमानुसार शुल्क जम्मा गरेको विवरण खुलाई **"सम्बन्धन पत्र पाउँ भन्ने बारे"** बिषय राखी लेखिएको निवेदन, सक्कल बैंक भौचर र प्रतिबद्धता पत्र (विस्तृत विवरण सूचना साथ समावेश गरिएको ) र देहाय बमोजिमका अन्य कागजात सहित परिषद् **कार्यालयमा सम्पर्क राखु हुन** सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।सम्बन्धन पत्र लिन आउँदा कम्पनी दर्ताको प्रमाणपत्र, गत आ. ब. को कम्पनी अध्यावधिक, प्रतिबद्धता पत्र, कर चुक्ता, कम्पनी विधान/कम्पनी प्रबन्ध पत्र र नियमावली समेत पेश गर्नु पर्नेछ।


**सम्पर्कका लागि**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**इमेलः** ctevtaccreditation061@gmail.com

**सम्पर्क नंः** ०१-६६३०४०८, सानोठिमी, भक्तपुर ।